# सैनिक नागरिक सम्बन्धमा सैनिक अदालतको भूमिकाः सन्दर्भ नेपालको

इन्दिरा शर्मा


**लेखसार**

*नेपाली सेना नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता तथा समग्र राष्ट्रिय सामरिक सुरक्षाको जिम्मेवारी पाएको संस्था हो । सेनाको लोकतान्त्रीकरणले सैनिक-नागरिक सम्बन्धलाई मजबुत बनाउँछ । सैनिक नागरिक सम्बन्ध सेना, नागरिक समाज र उच्च राजनैतिक नेतृत्वको त्रिकोणात्मक समन्वय, सहकार्य र सह-अस्तित्वको अवस्था हो । सेनाको व्यावसायिकता प्रवर्द्धन राष्ट्रिय सुरक्षाका लागि अपरिहार्य विषय हो । सैनिक जनशक्तिले सैनिक कसुर गरेको अवस्थामा त्यस्तो व्यक्ति विरुद्धको मुद्दा ग्रहण गर्ने तथा कारवाही र किनारा गर्ने प्रयोजनका लागि सैनिक अदालतको व्यवस्था कानुनले नै गरेको छ। सैनिक सेवाको संवेदनशील प्रकृति, कठोर अनुशासनको आवश्यकता र सैनिक सेवामा प्रवेश गरेकै कारणबाट सैनिक जनशक्तिले मानव अधिकार र न्यायको अधिकार समर्पण गर्नु नपर्ने परिस्थिति सिर्जना गरी देशका सबै जनताले झैं सैनिक सेवामा कार्यरत जनशक्तिहरूले पनि न्याय गर्ने, गराउने र प्राप्त गर्ने अवसरको सुनिश्चितताका लागि सैनिक अदालतहरूको आवश्यकता रहेको हुन्छ । सैनिक अदालतले विवादको समाधान गर्दा कानुनको उचित प्रयोग र पालना गरी स्वच्छ सुनुवाइको हकबाट कसैले बन्चित हुनु नपर्ने अवस्थाको सुनिश्चितता प्रत्याभूत गर्नुपर्छ । सैनिक अदालतले नागरिक प्रकृतिका कसुरसम्बन्धी कार्यमा क्षेत्राधिकार ग्रहण गर्दा आम नागरिकमा सेना कानुन नै नलाग्ने छुट्टै बर्ग हो भन्ने दृष्टिकोण विकास हुन गई सैनिक नागरिक सम्बन्धमा खलल पुग्न सक्ने हुँदा क्षेत्राधिकार ग्रहण गर्दा सैनिक कसुरमा मात्र सीमित हुनुपर्छ। सैनिक अदालतको निर्णय अन्तिम हुने भए पनि सो अदालतको फैसला रिटका माध्यमबाट सर्वोच्च अदालतसम्म पुग्ने गरेको छ । सैनिक अदालतले कानुनको उचित प्रयोग र पालना नगरेको, प्राकृतिक न्यायको सिद्धान्त र सुनुवाइको सिद्धान्त विपरीत निर्णय गरेको र अधिकारक्षेत्रात्मक त्रुटि गरी निर्णय गरेको भन्ने जस्ता आधारमा सैनिक अदालतका निर्णयलाई सर्वोच्च अदालतले रिटको माध्यमबाट ग्रहण गरी हेर्ने हुँदा सैनिक अदालतले विवादको कारवाही र किनारा गर्दा कानुनले निर्दिष्ट गरेका सबै प्रकिया र कार्यविधिको पालना गरी कानुनको उचित प्रयोग र पालनासमेतमा ध्यान दिनुपर्छ जसले सैनिक नागरिक सम्बन्धलाई मजबुत बनाउन सहयोग गर्दछ ।*


**शव्दकुञ्जी**: सैनिक नागरिक सम्बन्ध, सैनिक अदालत, क्षेत्राधिकार, राष्ट्रिय सुरक्षा परिषद्, नेपाली सेना, लोकतान्त्रीकरण र व्यावसायिकता, कानुनको उचित पालना र प्रयोग, विधिको शासन, मानव अधिकार ।

## विषय प्रवेश

नेपालको सार्वभौमसत्ता जनतामा निहित रहेको छ भने स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय एकताको रक्षा र सामरिक सुरक्षाको

जिम्मेवारी सेनामा रहेको छ । वर्तमान लोकतान्त्रिक राज्य व्यवस्थामा जनतामा निहित सार्वभौमसत्ता तथा समग्र राज्यको सुरक्षाको जिम्मेवारी पाएको सेनाको लोकतान्त्रीकरण अपरिहार्य हुन्छ । लोकतन्त्र समानता, समदृष्टि र समान न्यायको व्यवस्था हो । स्वतन्त्र, निष्पक्ष र सक्षम अदालतको संरचनाप्रतिको समर्पणले लोकतन्त्रलाई मजबुत बनाउँछ । सेनाको लोकतान्त्रीकरण भनेको सैनिक सङ्गठनको पदसोपानगत संरचना तथा कडा सैनिक अनुशासनलाई कायम राखी सुरक्षासम्बन्धी नीतिगत विषयमा सैनिक, उच्च राजनैतिक निकाय एवं नागरिकसमाज समेतको सहभागितालाई स्वीकार गर्नु हो । यसो भन्दा राष्ट्रिय सुरक्षासम्बन्धी गोप्य राख्नैपर्ने विषयमासमेत सहभागिताको सुनिश्चितता हुनुपर्छ भन्ने चाहिँ होइन ।

सेनाको व्यावसायिकता र व्यावसायिक उन्मुक्ति सैनिक नागरिकबिचको सम्बन्धलाई ओझेलमा पार्ने विषय होइन । सेनाको लोकतान्त्रीकरणले सेना र नागरिकबिचको सम्बन्ध सुदृढ, सक्षम र मजबुत बनाउँछ । नागरिक र सेना बिचमा संम्वाद, सहकार्य र समन्वयले सैनिक नागरिक सम्बन्धलाई प्रगाढ र दर्विलो बनाउँछ । सैनिक अनुशासनले सैनिक सङ्गठनलाई मजबूत बनाउँछ । सैनिक अनुशासन उल्लङ्घनका विवादहरूको निरुपण गर्न सैनिक अदालतको व्यवस्था गरिएको छ । सैनिक अदालतले आफ्नो क्षेत्राधिकार ग्रहण गरी विवाद निरुपण गर्दा सैनिक नागरिक सम्बन्धमा ध्यान दिनुपर्छ । यसै परिप्रेक्ष्यमा सैनिक नागरिक सम्बन्ध के हो? सेनाले गरेका सबै प्रकारका कसुरसम्बन्धी कार्य सैनिक कसुर हुन सक्छ सक्दैन ? सेनाले गरेका सबै प्रकारका कसुरसम्बन्धी कार्यमा सैनिक अदालतले क्षेत्राधिकार ग्रहण गर्न पाउने हो वा होइन ? सैनिक अदालतले निर्णय गर्दा कानुनको उचित प्रयोग र पालना (Due process of law) हुन नसकेमा सैनिक सङ्गठनप्रति आम नागरिकको धारणा कस्तो बन्ला? प्रस्तुत लेखमा यी र यस्तै प्रश्नहरूमा केन्द्रित रही सैनिक–नागरिक सम्बन्धमा सैनिक अदालतको भूमिकाका सम्बन्धमा सर्वोच्च अदालतबाट भएका केही फैसलाहरूका आधारमा विवेचना र विश्लेषण गरिएको छ ।

**सैनिक–नागरिक सम्बन्ध**

सैनिक संठन सरकारको एउटा महत्वपूर्ण अङ्ग हो । यसले समग्र राज्यको सुरक्षाको जिम्मेवारी पाएको हुन्छ । यो राष्ट्रिय सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृंखलताको कारणले गम्भीर सङ्कट उत्पन्न भएमा देशको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षा गर्ने तथा देशको सामरिक सुरक्षाको जिम्मेवारी पाएको र राष्ट्र प्रमुखको मातहतमा रहेको संगठन हो । सेनाले पाएको राष्ट्रिय सुरक्षाको गहन जिम्मेवारीका लागि पदसोपानगत कठोर अनुशासनात्मक संरचना अनिवार्य विषय हो । त्यसैले सैनिक सङ्गठनमाथि सिधै उच्च राजनैतिक नेतृत्वको नियन्त्रण राखिएको हुँदैन । यद्यपि लोकतान्त्रिक मूल्य मान्यताअनुसार राष्ट्रिय सुरक्षा नीति निर्माणमा सैनिक, उच्च राजनैतिक नेतृत्व एवं नागरिक समाजसमेतको संलग्नता र सहयोगबाट नै सैनिक संस्थाप्रति नागरिक विश्वास बढ्न गई सैनिक नागरिक सम्बन्ध स्थापित हुन पुग्छ ।

सैनिक–नागरिक सम्बन्ध नागरिक नेतृत्व (Civilian Authority) र सैनिक सङ्गठन (Military Authority) बीचको सहसम्बन्ध हो । सैनिक नागरिक सम्बन्धको परिभाषामा मतैक्यता रहेको भने पाइँदैन । केही परिभाषाहरू यस प्रकार छन्: "The essence of civil-military relations is a strategic interaction between civilian principals and military agents" (D. Feaver, 2003).

"Civil–military relationship consists of three parts: 1) joint planning, 2) coordination of military support to humanitarian operations performed by civilian agencies/organizations, and 3) coordination of humanitarian operations performed by the military at their own initiative" (Maley Samford and Thakur, 2003, p. 105.)

सैनिक नागरिक सम्बन्ध राष्ट्रिय सुरक्षा नीतिको एउटा पाटो हो । राष्ट्रिय सुरक्षा नीतिको उद्देश्य अरु स्वतन्त्र

राज्यहरूबाट आउने वा आउन सक्ने डर वा धम्कीका बिरुद्धमा राज्यको सामाजिक, आर्थिक र राजनैतिक संस्थाहरूको क्षमता अभिबृद्धि गर्नु हो। सैनिक नागरिक सम्बन्धमा एकातिर राज्य र नागरिक समाज रहेको हुन्छ भने अर्को तिर सैनिक सङ्गगठन रहेको हुन्छ (Dahal, 2076, p. 104)

सैनिक-नागरिक सम्बन्ध सैनिक सुरक्षा नीतिको प्रमुख (Principle) तत्व हो। सेनालाई संगठनात्मक स्वायत्तता प्रदान गर्ने तथा सेनालाई प्रजातान्त्रिक शक्तिको रुपमा होइन व्यावसायिक सेनाका रुपमा विकास गर्दै उच्च राजनैतिक तहबाट वैदेशिक तथा सैनिक नीति निर्माणमा निर्देशनात्मक रणनीति तयार गर्नु पर्छ (Huntington P., 1997).

स्वस्थ नागरिक सैनिक सम्बन्ध र प्रभावकारी नागरिक नियन्त्रणका लागि सेनालाई व्यावसायिक स्वतन्त्रता, सेना सत्तालाई राजनीतिबाट टाढा राखी सुरक्षासम्बन्धी नीति निर्माणमा सेनाको संलग्नता, नागरिक नेतृत्वमा सेनाका कामकारवाहीको प्रभावकारी निरीक्षण र पर्यवेक्षणको क्षमता हुनु र सेनाप्रतिको आस्था र आदर बृद्धिका लागि सेनाले आम नागरिकसँगको सम्बन्ध सुधार गर्नुपर्छ (तिमिल्सिना, २०२०, पृ.१६१)

माथि उल्लिखित परिभाषासमेतका आधारमा हेर्दा संकीर्ण अर्थमा सैनिक-नागरिक सम्बन्धलाई सैनिक सङ्गठन वा निकायमाथि उच्च राजनैतिक नियन्त्रणको अवस्थालाई लिन सकिन्छ भने प्रजातान्त्रिक मूल्य-मान्यताबाट सैनिक-नागरिक सम्बन्धलाई परिभाषित गर्दा सैनिक सङ्गठन र नागरिक तथा राज्य व्यवस्थाबिचको त्रिकोणात्मक सम्पर्क, सहअस्तित्व, सहकार्य तथा समन्वयको अवस्था हो। यो नागरिकसत्ता र सैन्यसत्ता माझको सम्बन्ध सेतु हो। सेना, नागरिक समाज, आम जनता र सरकारबिच सुमधूर आत्मीय सम्बन्ध आवश्यक हुन्छ र त्यही आत्मीयता नै सैनिक र नागरिक बिचको सम्बन्ध हो। यसले समग्रमा normative field मा आम नागरिक तथा सैनिक शक्तिबिचको व्यवस्थापन, मनो-सामाजिक पक्ष र नीतिगत कुराहरूलाई समेटेको हुन्छ। सेनाप्रतिको जनताको सद्भाव, आस्था, मान्यता र विश्वासले सैन्य नागरिक सम्बन्ध सुदृढ बनाउँछ।

सैनिक व्यावसायिकतालाई प्रवर्द्धन गर्दै सेनामाथि सरकारको वस्तुपरक नियन्त्रण नै वास्तवमा सैनिक नागरिक सम्बन्धको विकसित रुप हो। राष्ट्रको सुरक्षासम्बन्धी संवेदनशील र गोप्य विषय बाहेक राष्ट्रिय सुरक्षा नीतिका अन्य विषयमा सेना र नागरिक समाजका बुद्धिजीवी, सेना र प्राज्ञहरू, सेना र पत्रकारहरू, सेना र सरकारका नीति निर्माताहरू तथा सेना र विदेशी कूटनीतिज्ञ तथा गैरसरकारी संस्थाहरूबिच संम्वाद र अन्तर्क्रियाको सुनिश्चितता सेनाको लोकतान्त्रीकरण र सैनिक-नागरिक सम्बन्धको आधारशीला हो।

**सैनिक-नागरिक सम्बन्धमा संवैधानिक प्रत्याभूति**

सैनिक-नागरिक सम्बन्धमा नेपालको व्यवस्थालाई हेर्दा नेपाल अधिराज्यको संविधान, २०४७ तर्जुमा र कार्यान्वयन हुनुभन्दा अगाडिका चारवटा संविधानले सेनालाई नागरिक नियन्त्रणभन्दा बाहिरको छुट्टै निकायका रुपमा राखेको पाइन्छ। सैनिक अदालतलाई सर्वोच्च अदालतको सुपरीवेक्षणको दायरामा ल्याउन सकेकोसमेत थिएन। सेनाका परमाधिपति राजा हुने र सुरक्षासम्बन्धी नीतिगत विषयमा सैनिक सङ्गठनको संलग्नता वा सहभागिताको व्यवस्था नभएको एवं प्रधान सेनापतिको नियुक्ति लगायत सेनाको परिचालन एवं प्रयोगमा सरकार प्रमुखको कुनै भूमिका हुने व्यवस्था थिएन।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११८ ले शाही नेपाली सेनासम्बन्धी व्यवस्था गरी प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय सुरक्षा षरिषद् रहने, त्यसै परिषद्को सिफारिसमा शाही नेपाली सेनाको सञ्चालन र प्रयोग गरिने, प्रधानमन्त्रीको सिफारिसमा प्रधान सेनापतिको नियुक्ति गरिने व्यवस्था गरी सैनिकलाई नागरिक नियन्त्रणको दायरामा ल्याउने प्रयास गरेको भए पनि सैनिक अदालतलाई सर्वोच्च अदालतको सुपरीवेक्षण र निरीक्षणको दायराभन्दा बाहिर राखेको थियो।

नेपालको संविधान, २०७२ को धारा २६६ ले नेपालको समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षासम्बन्धी नीति तर्जुमा गर्न तथा नेपाली सेनाको परिचालन वा नियन्त्रण गर्नका लागि नेपाल सरकारलाई सिफारिस गर्न प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय सुरक्षा परिषद् गठन गरिने, राष्ट्रिय सुरक्षा परिषद्को वार्षिक प्रतिवेदन प्रधानमन्त्री मार्फत् संघीय संसद्समक्ष पेश गर्ने व्यवस्था गरी धारा २६७ मा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि संविधानप्रति प्रतिवद्ध र समावेशी नेपाली सेनाको सङ्गठन रहने व्यवस्था गरेको छ। नेपाल सरकारले नेपाली सेनालाई विकास-निर्माण र विपद् व्यवस्थापन लगायतका काममा लगाउन सक्ने र नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विशृङ्खलताको कारणले गम्भीर संङ्कट उत्पन्न भएमा राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा नेपाली सेना परिचालनको घोषणा हुने व्यवस्था गरेको छ। नेपालको संविधानले सैनिक सङ्गठनलाई समावेशी बनाई मानव अधिकारप्रति संवेदशील रहन केन्द्रित गरेको छ भने सैनिक अदालतलाई सर्वोच्च अदालतको निरीक्षण र सुपरीवेक्षणको दायराभन्दा बाहिर राखेको छैन। यसले गर्दा यो संवैधानिक व्यवस्थाले नेपाली सेनाको संवैधानिक लोकतान्त्रीकरण सुनिश्चित हुन गई सैनिक-नागरिक सम्बन्धलाई सुदृढ बनाएको छ भने उक्त संवैधानिक व्यवस्थालाई कार्यान्वयनमा ल्याउन सैनिक ऐन, २०६३ को प्रस्तावनामा नेपाली सेनालाई नेपाली जनताप्रति उत्तरदायी बनाउनेसमेत उद्देश्ये राखी सैनिक नागरिक सम्बन्धमा कानुनी व्यवस्थासमेत भएको छ।

**सैनिक अदालतको गठन र क्षेत्राधिकार**

***सैनिक अदालतको गठन***

सैनिक अदालत सैनिक व्यक्तिबाट भए गरिएका सैनिक प्रकृतिका कसुर सम्बन्धी कार्यहरूको कारबाही र किनारा गर्नका लागि नियमित अदालतभन्दा छुट्टै निकायका रुपमा गठन गरिएको न्यायिक निकाय हो। सैनिक व्यक्तिहरूले गरेका सैनिक कसुरको कारबाही र किनाराका लागि छुट्टै अदालत नै किन आवश्यक हुन्छ भन्ने सन्दर्भमा हेर्दा सैनिक सेवाको संवेदनशील प्रकृति, कठोर अनुशासनको आवश्यकता र सैनिक सेवामा प्रवेश गरेकै कारणबाट सैनिक जनशक्तिले मानव अधिकार र न्यायको अधिकार समर्पण गर्नु नपर्ने परिस्थिति सिर्जना गरी देशका सबै जनताले झैं सैनिक सेवामा कार्यरत जनशक्तिहरूले पनि न्याय गर्ने, गराउने र प्राप्त गर्ने आधुनिक, सभ्य र लोकतान्त्रिक प्रणालीको विकासका लागि सैनिक अदालतहरूको आवश्यकता रहेको हुन्छ। नियमित अदालतबाट सैनिक कसुरको कारवाही र किनारा गर्नुभन्दा सैनिक सङ्गठनको प्रकृति र संवेदनशीलता बुझेका विषय विज्ञबाट नै कारवाही र किनारा गर्दा न्यायोचित हुने हुँदा सैनिक कसुरको कारवाही र किनाराका लागि छुट्टै सैनिक अदालतको गठन गर्ने अन्तर्राष्ट्रिय प्रयोग र प्रचलनअनुसार नै नेपालमा पनि सैनिक कसुरका लागि छुट्टै सैनिक अदालतको आवश्यकता अनुभव गरिएको हो।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८६ ले सैनिक अदालतबाहेक अन्य अदालत र न्यायिक निकायहरू सर्वोच्च अदालतको मातहतमा राखेकाले सैनिक अदालत सर्वोच्च अदालतको सुपरीवेक्षण र निरीक्षणको दायराभन्दा बाहिर थियो। नेपालको संविधान, २०७२ को धारा १२६ ले न्यायसम्बन्धी अधिकार अदालत र न्यायिक निकायमा रहने व्यवस्था गरेको, धारा १२७ मा नेपालमा तिन तहका अदालत रहने व्यवस्था गरी धारा १५२ मा उल्लिखित अदालतबाहेक खास किसिम र प्रकृतिका मुद्दाहरूको कारबाही र किनाराका लागि अन्य विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना गर्न सकिने व्यवस्था छ। सैनिक अदालत संविधानको धारा १५२ को सोही व्यवस्थाबमोजिम गठित विशिष्टीकृत अदालत हो।

यस अदालतको गठन सैनिक ऐन, २०६३ को दफा ६७ बमोजिम गरिएको छ। यसअनुसार जनरल सैनिक

अदालत, समरी जनरल सैनिक अदालत, डिस्ट्रिक सैनिक अदालत तथा समरी सैनिक अदालतको गठन हुने र जनरल सैनिक अदालत र समरी जनरल सैनिक अदालतले गरेको फैसला तथा अन्तिम आदेशउपर पुनरावेदन सुन्न एवं ऐनको दफा ६२ अनुसार भ्रष्टाचार र चोरीको कसुरको सुरु कारवाही र किनारा गर्नका लागि दफा ११९ बमोजिम सैनिक विशेष अदालतको गठन हुने व्यवस्था रहेको पाइन्छ। नेपालको सैनिक अदालतको संरचनालाई हेर्दा सैनिक विशेष अदालत बाहेकका अन्य सैनिक अदालतमा न्यायाधीशको उपस्थिति रहेको पाइँदैन। सैनिक विशेष अदालत भने उच्च अदालतका बहालवाला न्यायाधीशको अध्यक्षतामा गठन गरिने व्यवस्था रहेको छ।

***क्षेत्राधिकार***

कुनै पनि अदालले के कस्ता विवादहरू हेर्न, सुनुवाइ गर्ने र किनारा गर्ने अधिकार प्राप्त गर्छ भनी कानुनले तोकिदिएको अख्तियारी क्षेत्राधिकार हो। कानुनले तोकेको सीमाभित्र रही निर्दिष्ट गरेको विषयवस्तु र क्षेत्रभित्र रही अधिकारको प्रयोग गर्नु नै क्षेत्राधिकार हो, अर्थात् कुनै पनि विवाद ग्रहण गरी त्यस्तो विवादको सुनुवाइ, कारबाही र निरुपण गर्नका लागि कानुनद्वारा अदालतलाई प्राप्त अधिकार नै क्षेत्राधिकार हो। यो व्याख्याद्वारा निर्धारण हुने होइन कानुनद्वारा नै निर्धारण गरिने विषय हो। कानुनद्वारा नै क्षेत्राधिकार निश्चित गरिएको हुन्छ। क्षेत्राधिकारसम्बन्धमा विभिन्न सिद्धान्तहरू रहेका छन्। ती सिद्धान्तहरूमाः क्षेत्राधिकार शून्यको स्थितिमा हुँदैन। यो पक्षहरूको रोजाइ वा समर्पणबाट प्राप्त वा परिवर्तन हुन सक्दैन। कानुनले जसलाई जति अधिकार दिएको छ, त्यतिमात्रै ग्रहण गर्नुपर्छ। क्षेत्राधिकार माथिल्लो अदालत वा निकायको आदेशद्वारा परिवर्तन वा थप घट हुन सक्दैन। अधिकारक्षेत्र बाहिर गएर गरिएका निर्णयहरू स्वतः बदर हुन्छन् र क्षेत्राधिकारका सम्बन्धमा प्रश्न उठेमा अदालतको क्षेत्राधिकार आकर्षित हुन्छ। दुईवटा निकायमा क्षेत्राधिकार रहेमा माथिल्लो निकायको क्षेत्राधिकार आकर्षित हुन्छ।

*सैनिक अदालतको क्षेत्राधिकार*

सैनिक अदालतले के कस्ता विवादहरू ग्रहण गरी कारवाही र किनारा गर्ने अधिकार राख्दछ भन्ने कुरा सैनिक अदालतको क्षेत्राधिकारको विषय हो। सैनिक अदालत सैनिक ऐन, २०६३ बमोजिम स्थापित न्यायिक निकाय हो। सैनिक ऐन, २०६३ को दफा ३७ मा सैनिक अदालतको क्षेत्राधिकारको व्यवस्था रहेको छ। उक्त ऐनमा भएको व्यवस्थालाई हेर्दा सैनिक ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिले दफा ३८ देखि ६५ सम्मका कुनै कार्य गरेमा कसुर गरेको मानिने व्यवस्था रहेको छ। सो ऐनको दफा ६६ मा सो ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिले त्यस्ता कसुरहरू गरेको अवस्थामा र उल्लिखित कसुरहरू सैनिक-सैनिक बिच भएको अवस्थामा सैनिक ऐनको क्षेत्राधिकार आकर्षित हुने, तर ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिले हत्या, बलात्कार, यातना र बेपत्तासम्बन्धी कसुर जन्य कार्य गरेमा अन्य अदालतको क्षेत्राधिकारभित्र रहने गरी अदालतको क्षेत्राधिकार निश्चित गरेको छ। सैनिक जनशक्तिले सैनिक सङ्गठनसँग सम्बन्धित अपराध गरेको वा अनुशासन एवं आचरणसम्बन्धी कसुर गरेको अवस्थामा बाहेक प्रचलित कानुनबमोजिम कसुर मानिने अन्य कार्य गरेमा प्रचलित कानुनबमोजिम नै कारबाही हुन्छ। मुलुकी अपराध संहिता, २०७४ को दफा ५५ र ५६ मा सैनिकबाहेकको कुनै व्यक्तिले सैनिकलाई भड्काउने वा कर्तव्यबाट विचलित तुल्याउने वा सेनाबाट भागेको व्यक्तिलाई आश्रय दिने कार्य, सैनिक स्थिति, सामरिक व्यवस्थाबारे जासुसी गर्नेसमेतका कसुरहरू गरेमा सामान्य अदालतमा मुद्दा चल्ने व्यवस्था गरेको छ। सैनिक ऐनमा सैनिक अदालतका विभिन्न तहगत संरचना रहने व्यवस्थासमेत गरेको छ। उक्त ऐनको दफा ६२ अन्तर्गतका भ्रष्टाचार र चोरीसम्बन्धी कसुरको कारवाही र किनारा गर्ने तथा जनरल सैनिक अदालत तथा समरी जनरल सैनिक अदालतबाट भएका फैसला तथा अन्तिम आदेश उपर पुनरावेदन सुन्ने क्षेत्राधिकार दफा ११९ बमोजिम गठित सैनिक विशेष अदालतलाई हुने व्यवस्था छ। यसरी सैनिक ऐनले

सैनिक अदालतको क्षेत्राधिकारका सम्बन्धमा स्पष्ट व्यवस्था गरेको भए पनि सैनिक अदालतको क्षेत्राधिकार सम्बन्धमा सर्वोच्च अदालतले विभिन्न मुद्दामा व्याख्या गरी सिद्धान्तसमेत प्रतिपादन गरेको पाइन्छ ।

**सैनिक अदालतको क्षेत्राधिकार र कानुनको उचित प्रयोग सम्बन्धमा सर्वोच्च अदालतको दृष्टिकोण र व्याख्या**

जनरल सैनिक अदालत तथा समरी जनरल सैनिक अदालतबाट भएका फैसला सैनिक विशेष अदालतमा पुनरावेदन लाग्छ र सो अदालतले गरेको निर्णय अन्तिम हुन्छ । अर्थात सैनिक अदालतबाट भएका फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्न सक्दैन, तर सैनिक अदालतबाट भएका फैसला एवं निर्णयलाई रिटका माध्यमबाट सर्वोच्च अदालतसम्म प्रवेश गराइने गरेको पाइन्छ । नेपालको संविधानको धारा १२७ मा नियमित अदालतको रुपमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरी तीन तहको अदालती संरचना रहने व्यवस्था गरेको र सैनिक अदालत संविधानको धारा १५२ बमोजिम गठित विशिष्टीकृत अदालत भई उक्त अदालतले गरेका फैसला उपर सर्वोच्च अदालतलमा पुनरावेदन लाग्न सक्ने व्यवस्था नभएकोले सैनिक अदालतबाट भएका फैसलाले रिटको माध्यमबाट मात्र सर्वोच्च अदालतमा प्रवेश पाउँछन् । क्षेत्राधिकार नभएको विषयमा सैनिक अदालतले क्षेत्राधिकार ग्रहण गरी सजाय गरेको, सैनिक अदालतबाट न्याय निरुपण गर्दा कानुनको उचित पालना नगरेको वा प्राकृतिक न्यायको सिद्धान्तबमोजिम सुनुवाइको मौका नदिई फैसला भएको, सैनिक अदालतको क्षेत्राधिकारभित्र पर्ने मुद्दाहरू नियमित अदालतबाट हेरिएको, सैनिक अदालतले ex post facto law का आधारमा सजाय गरेको भन्ने जस्ता विषयहरू रिट क्षेत्राधिकारबाट प्रवेश गर्ने गरेको पाइन्छ  जसमध्ये केही मुद्दाहरूको यहाँ विश्लेषण गरिएको छ:

**क. इमानसिंह गुरुङको हकमा धनकुमारी गुरुङ विरुद्ध मन्त्रिपरिषद् सचिवालयसमेत, नेकाप २०४९(ग), अक्त ८, निर्णय नं. ४५९७**

सैनिक ऐन, २०१६ को तेस्रो संशोधन (२०४०) ले मूल ऐनको दफा ९३ मा खण्ड (घ) थप गरी सैनिक ऐनको अधीनमा नपर्ने गैर व्यक्तिलाई सो ऐन लागु हुने भनी गरेको व्यवस्था बदरका लागि प्रस्तुत रिट परेको देखिन्छ । सो कानुनी व्यवस्थाबमोजिम गैरसैनिक निवेदकलाई विदेशी मुद्राको अवैध कारोवार भन्सार चोरी पैठारी सम्बन्धमा मध्यमाञ्चल विशेष अदालतमा निजसमेत उपर मुद्दा चली फैसला भई अन्तिम भएको तथा सोही विषयमा जनरल सैनिक अदालतबाटसमेत सजाय गर्ने निर्णय गरे उपर प्रस्तुत रिट परेकोमा सर्वोच्च अदालतबाट भएको व्याख्या:

१. केवल सैनिक लगाउको नाताले कुनै कार्य सैनिक ऐन अन्तर्गतको अपराध मानिने र सैनिक अदालतको क्षेत्राधिकारभित्र पर्ने हो भने सैनिक अधिकृत र जवानहरूको सामाजिक सम्पर्क नै गम्भीर रुपमा प्रभावित हुन सक्दछ ।

२. संविधानले सैनिक अदालतको कारवाही र निर्णयमा हस्तक्षेप गर्न सर्वोच्च अदालतलाई केही बन्देज लगाएको भए पनि त्यसको अर्थ सैनिक अदालतले जे गरे पनि हुन्छ भन्ने होइन ।

३. सैनिक अदालतले कानुनको रीत नपुऱ्याई अथवा कानुन वा संविधानको प्रतिकूल कसैलाई थुनामा राख्दछ भने त्यस सम्बन्धमा सर्वोच्च अदालतमा उजूर गर्ने बाटो बन्द भए पनि त्यो थुना अवैध नै हुन्छ ।

४. विदेशी विनिमयको अवैध सञ्चय,  तस्करी र भ्रष्टाचार जस्ता अपराधहरू असैनिक प्रकृतिका (Civil Nature) हुन् । त्यस्तो अपराध सैनिक अधिकृतले गरेको वा तत्सम्बन्धी कारवाही र सजाय सैनिक ऐन अन्तर्गत भएको कारणले मात्र त्यसलाई सेनासम्बन्धी अपराध भन्न नमिल्ने ।

५. कुनै अपराधलाई सेनासम्बन्धी अपराध भन्नको लागि

त्यो अपराध सेनाको संगठन, संचालन वा सैनिकको पदीय कर्तव्य वा अनुशासनसँग प्रत्यक्ष रुपमा सम्बन्धित हुनु पर्ने ।

६. सैनिक अदालतले सैनिक ऐन, २०१६ मा व्यवस्था भए अनुसार मात्र मुद्दाको कारवाही र किनारा गर्ने हुनाले उक्त ऐनमा व्यवस्था भए अनुसार कारवाई हुने सबै अपराधहरूलाई सेनासम्बन्धी अपराध नमानी अपराधको प्रकृति अनुसार सैनिक वा असैनिक अपराधको रुपमा छुट्याउने मनसाय उक्त संवैधानिक व्यवस्थामा निहित रहेको सम्भन्नु पर्ने ।

७. असैनिक प्रकृतिको अपराधमा एउटा असैनिक व्यक्ति उपर जनरल सैनिक अदालतले कारवाई चलाई सजाय गरेकोमा उक्त संवैधानिक व्यवस्था अनुसार यस अदालतले सो अदालतको कारवाई र फैसलाको न्यायिक पुनरावलोकन गर्न र संविधान वा कानुनको प्रतिकूल देखिएमा त्यसलाई बदर गरी यथोचित उपचार प्रदान गर्न सक्ने ।

**ख. कृष्णबहादुर मगरको हकमा अधिवक्ता सुशीलकुमार शर्मा सापकोटा विरुद्ध उच्च अदालत पाटनसमेत, नेकाप २०७५, अङ्क १०, निर्णय नं. १०११५**

गैंडा खाग बिक्री वितरण तथा ओसार-पसारको कसुरमा अभियोग लागेका रिट निवेदकले रिट निवेदनमा उठाएका विषयहरूः सेनामा कार्यरत व्यक्तिबाट भएका कसुरसम्बन्धी कार्यहरूमा सैनिक ऐन, २०६३ को दफा ६६(१)(२) बमोजिम "हत्या र बलात्कार" बाहेकको मुद्दा सैनिक अदालतले नै हेर्नुपर्ने भई सो बाहेकका अन्य कसुरहरू सैनिक ऐन, २०६३ अन्तर्गत हेरिने प्रस्ट व्यवस्था भएकोले प्रस्तुत विषय सामान्य अदालतबाट हेर्दा कानुनको उचित प्रक्रिया (Due process of law) मिचिन जाने हुँदा सामान्य अदालतमा मुद्दा दायर गरी राखिएको थुना गैरकानुनी हो, सामान्य कानुन र विशेष कानुनमध्ये दुवैले हेर्न सकिने विषय विशेष कानुनले हेर्नुपर्ने, विशेष कानुनले हेरिने मुद्दाहरू सामान्य कानुनबाट हेर्न नमिल्ने हुँदा विशेष ऐनअन्तर्गत हेरिने मुद्दालाई जिल्ला अदालत काठमाडौंमा अभियोग दायर गरी पुर्पक्षका लागि थुनामा पठाएको र उच्च अदालत पाटनबाट सो आदेश सदर गरी भएको आदेशमा अधिकार क्षेत्रात्मक त्रुटि भएको भनी परेको रिट निवेदनमा सर्वोच्च अदालतले गरेको व्याख्याः

१. न्याय सबैका निम्ति आवश्यक विषय हो । सेनामा जाने जो कोहीले पनि आफूलाई न्याय मिल्छ भन्ने महसुस गर्न सक्नुपर्छ । जनताले पनि सेना कानुन नै नलाग्ने अभिजात्य बर्ग होइन भन्ने विश्वास गर्न पाउनुपर्छ ।

२. प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइ पाउने हक" प्रत्याभूत गरेको, लोकतन्त्र, विधिको शासन र मानव अधिकारको निम्ति कानुनद्वारा सिर्जित सामान्य अदालतहरूले नै स्वन्तन्त्रतापूर्वक कार्य गर्न सक्ने हुँदा यिनैद्वारा न्यायसम्पादन हुनुपर्छ भन्ने स्वच्छ सुनुवाइअन्तर्गत गरिने पहिलो अनुमान हो ।

३. सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतलाई न्यायपालिकाको नियमित संरचनाअन्तर्गत राखिएको, सर्वोच्च अदालतले आफ्नो र आफ्नो क्षेत्रभित्र पर्ने अदालत, विशिष्टीकृत अदालत वा अन्य न्यायिक निकायहरूको न्याय प्रशासन वा व्यवस्थापनसम्बन्धी विषयमा निरीक्षण, सुपरीवेक्षण गरी आवश्यक निर्देशन दिन सक्ने व्यवस्था रहेको ।

४. स्वच्छ सुनुवाइले स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायिक निकाय खोज्दछ र संविधानको धारा १२७ अन्तर्गत स्थापित नियमित अदालतहरू" नै त्यस्ता निकाय हुन सक्छन् ।

५. सैनिक अदालतको अस्तित्वलाई संविधानले विशिष्टीकृत अदालतका रूपमा मात्र स्वीकार गरी सैनिक अदालत सर्वोच्च अदालतको निरीक्षण र सुपरीवेक्षणसम्बन्धी दायराभित्र राखेको हुँदा ती अदालतहरूले पनि सर्वोच्च अदालतको निर्देशनको पालना गर्नुपर्छ ।

६. नियमित अदालत एवं संविधानअन्तर्गत स्थापित समस्त विशिष्टीकृत अदालत वा न्यायिक निकायहरूले पनि स्वच्छ सुनुवाइसम्बन्धी हकहरूको सम्मान गर्नु नै पर्ने र ती निकायहरूले स्वतन्त्र र निष्पक्षतापूर्वक कार्य गर्नुपर्छ ।

७. जहाँ विशेषाधिकार वा विशेष छुटको दाबी गरिन्छ, त्यस्तो दाबी संविधान र कानुनद्वारा स्पष्ट रूपमा मान्यता प्राप्त भई विधिको शासनको सिद्धान्तअनुकूल हुनुपर्छ ।

८. संवैधानिक संरचनामा सामान्य अदालतहरूलाई प्रमुख र विशिष्टीकृत अदालतहरूलाई सीमित संरचनाका रूपमा राख्दै दुवै निकायहरूलाई सर्वोच्च अदालतको सुपरीवेक्षण, अनुगमन र निर्देशनको दायराभित्र राखिएको हो ।

९. सेनासँग असम्बन्धित विषयमा वा कसुर सेना सेनाबिचमा नभएको अवस्थामा वा सेनासँग असम्बन्धित व्यक्तिले वा सैनिक नै भए पनि डिउटीमा नरहेको, बिदा गएको बेला सैनिक ब्यारेक बाहिर गरेका कसुरहरूलाई नागरिक प्रवृत्तिका कसुरहरू (Civilian Offence) मानिनु र सामान्य अदालतहरूद्वारा कारबाही गरिनु संविधानसम्मत हुने ।

१०. सेनाको सङ्गठन, सञ्चालन र सैनिक प्रकृतिको कार्यसँग जोडिएको विषयलाई सैनिक ऐनको क्षेत्राधिकारको निर्धारक तत्त्व मानी सोदेखि बाहेकको विषयलाई सामान्य अदालतको क्षेत्राधिकारभित्र राखिनुपर्छ । असैनिक प्रकृतिका कसुरहरूमा पनि सेनाको क्षेत्राधिकार कायम गरिनु लोकतन्त्र, विधिको शासन, नागरिक स्वतन्त्रता एवं नागरिक शासनको सर्वोच्चता प्रतिकूल हुने ।

११. क्षेत्राधिकारको विषय व्याख्याद्वारा प्राप्ति हुने विषय होइन । यसका निम्ति कानुनले नै स्पष्ट व्यवस्था गरेको हुनुपर्छ र विषयवस्तुको सम्बद्धताको हिसाबबाट क्षेत्राधिकार स्पष्ट देखिनुपर्छ ।

१२. जहाँ क्षेत्राधिकारबारे अन्योल हुन्छ, त्यहाँ सामान्य अदालतलाई क्षेत्राधिकार प्राप्त छ भनी अर्थ गरिनुपर्छ ।

**ग. झलकुमार भगतको हकमा नन्दुलाल भगत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार नेकाप २०७६, अक्त २, निर्णय नं. १०१९९**

सैनिक सेवामा कार्यरत रिट निवेदक सशस्त्र द्वन्द्वका समयमा २०६२ सालमा आफ्नो जिम्मामा रहेको हातहतियार र गोलीगट्ठा तथा अर्का सिपाहीको जिम्माको हतियारसमेत लिई विद्रोहीपक्षसँग मिल्न गएकोमा २०७४ सालमा भगौडा भनी पक्राउ गर्न, कारबाही गर्न, शत्रु पक्षको भनी व्यवहार गर्न नमिल्ने तथा २०६० सालमा सेनामा भर्ना भई २०६२ मा विद्रोह गरेको व्यक्तिको सैनिक ऐन, २०६३ आकर्षित हुन सक्दैन भन्ने रिट निवेदकको माग रहेको प्रस्तुत रिटमा सर्वोच्च अदालतको व्याख्या:

१. सैनिक ऐन, २०१६ ले कसुर मानेको कार्यलाई सैनिक ऐन, २०६३ ल समेत कसुर मानेको हुँदा सैनिक विशेष अदालतमा पुनरावेदन परी विचाराधीन रहेको अवस्थामा प्रमाणको मूल्याङ्कन लगायतका मुद्दाको अन्तरवस्तु सम्बन्धमा सैनिक विशेष अदालतबाट नै कानुनबमोजिम निरूपण हुने ।

२. साबिक सैनिक ऐन, २०१६ ले कसुरका रूपमा घोषित गरी सजायको व्यवस्थासमेत गरेको क्रियालाई हालको ऐनमासमेत निरन्तरता दिँदै साबिक ऐनले निश्चित गरेको सजायभन्दा हालको ऐनले कम सजाय तोकेको स्थितिमा एउटै क्रियालाई साबिक र हालको ऐनले फरक-फरक नामकरण गरेको भन्ने मात्र आधारमा Ex Post Facto Laws को प्रसङ्ग उठाउन नमिल्ने भई पूर्ववर्ती ऐनमा भएका व्यवस्थाकै निरन्तरताका रूपमा लिनुपर्छ ।

३. निवेदक नेपाली सेनाका व्यक्ति भएको र निजको हकमा सैनिक ऐन आकर्षित हुने हुँदा निजले सेनासम्बन्धी कसुर गरेको भन्ने आधारमा सैनिक

ऐनबमोजिम कारबाही चलाइएको र सजाय गरिएको कुरालाई विस्तृत शान्ति सम्झौता विपरीतको कार्य भनी मान्न नमिल्ने ।

४. सैनिक जनशक्तिले सैनिक संगठनसँग सम्बन्धित अपराध गरेको वा अनुशासन एवं आचरणसम्बन्धी कसुर गरेको अवस्थामा सैनिक अदालतबाट मुद्दामा सुनुवाइ र निर्णय गर्न सकिने ।

**घ. सिंहबहादुर शाही विरूद्ध नेपाली सेना मुकाम नेपाली सेनाको प्रधान कार्यालय, नेकाप २०७६, अक्त ७, निर्णय नं. १०३१८**

नेपाली सेनाको सिपाही पदमा भर्ना भई सैनिक कारबाहीमा खटिएको अवस्थामा २०६१ सालमा विद्रोही माओवादीले हतियारसहित नियन्त्रणमा लिएर गएको र ५ महिनापछि उनीहरूको नियन्त्रणबाट भागी भारत गएकाले सैनिक ऐन, २०१६ अनुसार भए गरेका कसुरलाई सैनिक ऐन, २०६३ अनुसारको कसुर मानी समरी जनरल सैनिक अदालतबाट सर्वस्वसहित जन्मकैद र सैनिक अदालतबाट जन्मकैद हुने गरी भएको फैसला विस्तृत शान्ति सम्झौता, नेपालको संविधान, कानुनका मान्य सिद्धान्तसमेतको विपरीत रहेको, नेपाल सरकार वादी भई चल्ने मुद्दा नेपाली सेना वादी भई चलाउन निमल्ने, प्रस्तुत विषय नागरिक अदालतसँग सम्बन्धित भएको र हदम्याद नाघेपछि मुद्दा चलाउन र दोषी ठहर गर्न नमिल्ने भनी परेको बन्दीप्रत्यक्षीकरणको रिटमा सर्वोच्च अदालतको व्याख्या:

१. कब्जामा लिनेहरूको नियन्त्रणबाट उम्केपछि आफ्नो सङ्गठनमा सम्पूर्ण घटना विवरणको रिपोर्टिङ गर्ने कर्तव्य भएकोमा करिब १३ वर्षभन्दा बढी समयसम्म आफ्नो सङ्गठनलाई कुनै जानकारीसम्म नदिएको कार्य सैनिक ऐन, २०१६ बमोजिमको कसुर मानिने ।

२. सैनिक ऐन, २०१६ ले कसुर मानेको कार्यलाई सैनिक ऐन, २०६३ ले सैनिक ऐन, २०१६ बमोजिम भए गरेका काम कारबाही यसै ऐनबमोजिम भए गरेको मानिनेछ भनी अघिल्लो ऐनबमोजिम भए गरेका काम कारबाहीलाई पछिल्लो ऐनले निरन्तरता दिएकाले अघिल्लो ऐन खारेज भइसकेको भन्ने आधारमा कसुरबाट उन्मुक्ति दिन नमिल्ने हुँदा सैनिक विशेष अदालतबाट भएको फैसला अन्तिम हो ।

३. उक्त फैसलाले सैनिक ऐनबमोजिमको कसुर गरेको भनी प्रमाणित गरिसकेको र सो फैसलाको वैधता कायम भइरहेको अवस्था छ ।

४. कानुनबमोजिम स्थापित अदालतबाट भएका सजाय एवं फैसलालाई रिट निवेदनका माध्यमबाट बदर गर्दै जाने वा निष्क्रिय बनाउँदै जाने कार्य फैसला अन्तिमताको सिद्धान्त विपरीत हुन्छ ।

**(ङ) भूपेन्द्र खड्का विरूद्ध नेपाली सेना, जङ्गी अड्डानेकाप २०७६, अक्त ८ निर्णय नं. १०३४२**

सहसेनानी पदमा कार्यरत भूपेन्द्र खड्काले सैनिक सङ्गठनको कुचीकारमा कार्यरत महिला कर्मचारीलाई जबरजस्ती करणी गरेको अभियोगमा निजलाई समरी सैनिक जनरल अदालतले सैनिक अनुशासन विरुद्धको कसुर ठहर गरी भएको फैसलालाई विशेष सैनिक अदालतबाट सदर गरी निजलाई जागिरबाट बर्खास्त गर्ने गरी भएको फैसला बदरका लागि दायर भएको रिटमा सर्वोच्च अदालतले गरेको व्याख्या:

सैनिक सङ्गठनलाई अनुशासनमा राख्ने उद्देश्यले नै सैनिक कसुर र सैनिक अनुशासनसम्बन्धी व्यवस्था गरिएको, सैनिक सङ्गठनमा कार्यरत व्यक्तिहरू तथा समग्र सैनिक संगठनमाथि प्रत्यक्ष वा परोक्ष रूपमा नकारात्मक असर पर्ने क्रियाकलापहरूलाई सैनिक अनुशासन विपरीतका कार्यहरू मान्नुपर्ने । रिट निवेदक र पीडितका बीचमा पदसोपन शृंखलामा निकै अन्तर रहेको र एउटै संगठनमा कार्यरत दुवैबीच असन्तुलित शक्ति सम्बन्ध (unbalanced power relation) देखिंदा पदीय शक्ति (positional power), आर्थिक र सामाजिक शक्ति (economic and social power) कसले प्रयोग गर्न सक्दछ भनी शक्ति सम्बन्धको आधारमा खराब आचरण र अनुशासनको विषय हो,

होइन अदालतले संवेदनशील भएर विवेचना गर्नुपर्दछ भनी समरी जनरल सैनिक अदालतको फैसला सदर गरी सैनिक विशेष अदालतबाट भएको फैसलालाई रिटको माध्यमबाट बदर गर्न मिल्दैन भनेको ।

**उल्लेखित कानुनी व्यवस्था एवं मुद्दासमेतको आधारमा सैनिक नागरिक सम्बन्धमा सैनिक अदालतको भूमिकालाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ**

१ सैनिक अदालतको गठन विधि र सैनिक अदालतको तहगत संरचनालाई हेर्दा सैनिक अदालत सर्वोच्च अदालतको सुपरीवेक्षण र निरीक्षणमा रहेको विशिष्टिकृत अदालत हो । जनरल सैनिक अदालत, समरी जनरल सैनिक अदालत, डिस्ट्रिक सैनिक अदालत तथा समरी सैनिक अदालतहरूमा सैनिक पदाधिकारहरू मात्र रहने व्यवस्था छ । उल्लिखित सैनिक अदालतहरूको पुनरावेदकीय निकायको रुपमा रहेको सैनिक विशेष अदालतमा उच्च अदालतका बहालवाला न्यायाधीशको अध्यक्षता रहने व्यवस्था छ । सैनिक विशेष अदालतबाट भएका फैसला अन्तिम हुने कानुनी व्यवस्था भए पनि उक्त अदालतबाट भएका निर्णयहरूमा कानुनको उचित परिपालना नभएको, क्षेत्राधिकार नभएको, प्राकृतिक न्यायको सिद्धान्तको अवलम्बन नगरी निर्णय गरिएको, स्वच्छ सुनुवाइको सिद्धान्त विपरीत निर्णय गरिएको भन्ने आधारमा कतिपय विवादहरू बन्दीप्रत्यक्षीकरणको रिटको माध्यमबाट र कतिपय उत्प्रेषणको रिटको माध्यमबाट सर्वोच्च अदालतसम्म पुग्ने गरेका छन् । त्यसरी परेका रिटमा सर्वोच्च अदालतले सैनिक अदालतले कानुनको उचित प्रयोग र परिपालना गरी कानुनद्वारा निर्धारित क्षेत्राधिकारभित्र रही गरेका काम कारवाहीलाई रिटको माध्यमबाट हेर्न नमिल्ने भनी व्याख्या गरेकोसमेत देखिन्छ । सैनिक अदालतबाट कुनै पनि विवादमा क्षेत्राधिकार ग्रहण गर्दा विधायिकी मनसायअनुसार सैनिक नागरिक सम्बन्ध स्थापित हुने खालका विवाद हुन् वा नितान्त सैनिक सङ्गठनको अनुशासनसँग सम्बन्धित विवाद हुन् भन्ने विषयमा सैनिक अदालतले विशेष ध्यान दिनुपर्छ । यसले सैनिक नागरिक सम्बन्धलाई मजबुत बनाउन मद्दत गर्छ ।

२. हालसम्म सैनिक अदालतको गठन विधि वा सैनिक अदालतमा रहने पदाधिकारी वा न्यायमूर्तिमा गैर न्यायिक क्षेत्रको बाहुल्य रहेको छ भनी कतैबाट पनि प्रश्न उठाइएको छैन । सैनिक विशेष अदालतको गठन हेर्दा यो ट्राइवुनल प्रकृतिको न्यायिक निकाय हो भन्ने देखिन्छ । सर्वोच्च अदालतले अम्बर बहादुर राउतको मुद्दा लगायत धैरै मुद्दाहरूमा अर्धन्यायिक निकाय एवं ट्राइबुनलहरूले न्याय निरुपण गर्दा प्राकृतिक न्यायको सिद्धान्त लगायत कानुनले निर्धारण गरेका सबै प्रक्रिया र कार्यविधिको उचित प्रयोग र पालना गर्नुपर्ने भनी सिद्धान्तसमेत प्रतिपादन गरेको हुँदा सैनिक अदालतले पनि उक्त सिद्धान्तको अनुसरण गरी न्याय सम्पादन गरेमा सैनिक अदालतप्रति जनविश्वास बढ्न जान्छ ।

३. सैनिक व्यक्तिले गरेका सैनिक कसुरमा सैनिक अदालतको क्षेत्राधिकार आकर्षित हुने भई सैनिक अदालतले कानुनको उचित पालना र प्रयोग गरी निर्णय गरेको अवस्थामा सैनिक सङ्गठनप्रति आम नागरिकले सकारात्मक र सहयोगात्मक व्यवहार देखाउँछन् । सैनिक पनि समाजकै एउटा नागरिक र सदस्य हो, उसले कानुनबमोजिम कसुर गरेको अवस्थामा निज उपर कारवाही गर्न कानुनबमोजिम गठित न्यायिक निकायले संविधान, कानुन र अन्तर्राष्ट्रिय दस्तावेजहरूले प्रत्याभूत गरेको स्वच्छ सुनुवाइको हकको सदैव पालना गर्नुपर्छ जसले समग्र सैनिक निकायप्रति विश्वासको वातावरण सिर्जना गरोस् ।

४. केवल सैनिक लगाउको नाताले कुनै कार्य सैनिक ऐनअन्तर्गतको अपराध मानिने र सैनिक अदालतको क्षेत्राधिकारभित्र पर्ने हो भने सैनिक अधिकृत र जवानहरूको सामाजिक सम्पर्क नै गम्भीर रुपमा प्रभावित हुन सक्छ भने असैनिक प्रकृतिका (Civil Nature) अपराध सैनिक अधिकृतले गरेको वा तत्सम्बन्धी कारवाही र सजाय सैनिक ऐन अन्तर्गत भएको कारणले मात्र त्यसलाई सेनासम्बन्धी अपराध भन्न मिल्दैन । कुनै अपराधलाई सेनासम्बन्धी अपराध भन्नका लागि त्यो अपराध सेनाको सङ्गठन, संचालन वा सैनिकको पदीय कर्तव्य वा अनुशासनसँग प्रत्यक्ष

रुपमा सम्बन्धित हुनुपर्ने भनी भएको व्याख्याबाट सैनिक अदालतले क्षेत्राधिकार ग्रहण गर्दा सैनिक सङ्गठनप्रति नागरिकको विश्वास कायम रहने गरी मात्रै ग्रहण गर्नुपर्ने स्पष्ट गरेको छ। सैनिक सङ्गठनप्रति नागरिकको विश्वासमा सङ्कट उत्पन्न नहुने किसिमले गैर सैनिक व्यक्तिले सैनिक व्यक्तिसमेतको संलग्नतामा गरेका कसुर एवं नागरिक प्रकृतिका कसूलाई सैनिक अदालतको क्षेत्राधिकारमा राखी कारवाही र किनारा गर्दा सैनिक सङ्गठनप्रति नकारात्मक धारणा विकास हुन सक्ने कुरालाई ध्यानमा राखी क्षेत्राधिकार ग्रहण गर्नुपर्छ।

५. हत्या, बलात्कार, यातना र वेपत्तासम्बन्धी कसुरमा सैनिक अदालतको क्षेत्राधिकार नहुने कानुनी व्यवस्था भए पनि सेनासँग असम्बन्धित विषयमा वा कसुर सेना-सेनाबिचमा नभएको अवस्थामा वा सेनासँग असम्बन्धित व्यक्तिले वा सैनिक नै भए पनि डिउटीमा नरहेको, बिदा गएको बेला सैनिक ब्यारेक बाहिर गरेका कसुरहरूलाई नागरिक प्रवृत्तिका कसुर (Civilian Offence) मानिनु र सामान्य अदालतहरूद्वारा कारबाही गरिनुपर्छ भनी सर्वोच्च अदालतले गरेको व्याख्याबाट सैनिक अदालतले क्षेत्राधिकार ग्रहण गर्दा सैनिक नागरिक सम्बन्धलाईसमेत दृष्टिगत गर्नुपर्ने देखाउँछ। सैनिक सेवामा कार्यरत रहेको भन्ने आधारमा मात्र नागरिक प्रवृत्तिका कसुरमा पनि सैनिक अदालतले क्षेत्राधिकार ग्रहण गरी कारबाही गरेमा त्यसले सैनिक सङ्गठनप्रति आम धारणा नकारात्मक मात्र बन्न जाँदैन मानव अधिकारकोसमेत उपहास हुन जान्छ। यसले सैनिक-नागरिक सम्बन्धमा नकारात्मक असर पर्न सक्छ ।

६. गैर सैनिक व्यक्तिसमेतको संलग्नतामा सैनिक व्यक्तिले आपराधिक कार्य गर्छ भने त्यस्तो सैनिकलाई सैनिक कसुर गरेको भनी उन्मुक्ति दिंदा सैनिक सङ्गठनप्रति पर्ने असरलाईसमेत सैनिक अदालतले ध्यान दिएमा सैनिक-नागरिक सम्बन्ध मजबुत हुने देखिन्छ ।

७. कानुन निर्माताहरूको मनसाय नागरिक प्रवृत्तिका कसुरहरूमासमेत सैनिक व्यक्तिलाई उन्मुक्ति दिने भन्ने नभई सैनिक सङ्गठनको कडा पदसोपानगत सृफ्ला र जिम्मेवारीका दृष्टिले सैनिक व्यक्तिले सेवामा वा ड्युटीमा रहेको अवस्थामा सैनिक-सैनिक बिच भएका एवं सैनिक अनुशासनसँग सम्बन्धित कसुरलाई नियमित अदालतको क्षेत्राधिकारभित्र नराखी छुट्टै न्यायिक निकायबाट निरुपण गर्ने अन्तर्राष्ट्रिय प्रचलन र प्रयोगसमेतका आधारमा सैनिक अदालतको व्यवस्था गरेको हो। त्यसैले सैनिक अदालतले क्षेत्राधिकार ग्रहण गर्दा नागरिक प्रवृतिका कसुरहरूमा नागरिक अदालतको क्षेत्राधिकार आकर्षित हुने कुरालाई स्वीकार गर्नुपर्छ। यसले गर्दा सैनिकप्रति कसैको पनि नकारात्मक दृष्टिकोण बन्ने अवस्था सिर्जना नबनोस्।

८. सैनिक संगठनको कार्य प्रकृति र यसको सङ्गठनात्मक संरचना तथा राज्यको सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्ने गहन जिम्मेवारी बोकेको राष्ट्रिय सेनामा कडा सैनिक अनुशासन अपरिहार्य हुन्छ। सैनिक सङ्गठन एक कडा अनुशासनमा बस्नुपर्ने प्रकृतिको सङ्गठन भएको र सेनाको अनुशासन नै सङ्गठनको मेरूदण्डको रूपमा रहने हुँदा सैनिक संगठनलाई अनुशासनमा राख्ने उद्देश्यले सैनिक कसुर र सैनिक अनुशासनसम्बन्धी व्यवस्था गरी त्यस्तो कसुर गर्ने व्यक्तिलाई कानुनको दायरामा ल्याई कारवाही गर्नका लागि छुट्टै सैनिक अदालतको गठन भएको छ। तसर्थ सैनिक अदालतले मुद्दाको कारवाही र किनारा गर्दा न्यायको मान्य सिद्धान्त, प्राकृतिक न्यायको सिद्धान्त, विधिको शासन, स्वच्छ सुनुवाइको सिद्धान्त, संविधान, कानुन र अन्तर्राष्ट्रिय कानुनी दस्तावेजसमेतको पालना गरी विवाद निरुपण गरेमा आम नागरिकको समग्र सैनिक सङ्गठनप्रति सकारात्मक दृष्टिकोण बन्न जाने हुँदा सैनिक नागरिक सम्बन्धमा सैनिक अदालतको महत्वपूर्ण भूमिका रहेको छ।

**सुझाव**

क. सेनाले गरेका सबै प्रकारका कसुरसम्बन्धी कार्यहरूलाई सैनिक कसुर मानी सैनिक अदालतको

क्षेत्राधिकारभित्र राख्दा सेनाप्रतिको जनताको दृष्टिकोण नकारात्मक हुन जान्छ। सैनिकहरू समाजको सदस्यभित्रको व्यक्ति नभई कानुन नै नलाग्ने अभिजात्य बर्गभित्र पर्ने व्यक्ति हो भनी आम नागरिकको धारणा बन्न जान्छ। त्यसैले सेनाले गरेका सबै प्रकारका कसुरसम्बन्धी कार्यमा सैनिक अदालतको क्षेत्राधिकार आकर्षित हुने नभई सैनिक कसुरमा मात्र सैनिक अदालतले क्षेत्राधिकार ग्रहण गर्नुपर्छ ।

ख. सैनिक ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिले हत्या, वलात्कार, यातना र वेपत्तासम्बन्धी कसुर गरेको अवस्थामा त्यस्ता कसुर सैनिक अदालतको क्षेत्राधिकारभित्र नपर्ने भनी कानुनले स्पष्ट व्यवस्था गरेको भए पनि सो बाहेकका नागरिक प्रकृतिका कसुरहरू सैनिक व्यक्तिद्वारा गरिएमा त्यस्ता कसुरमा पनि नियमित अदालतको क्षेत्राधिकार आकर्षित हुन्छ भनी सर्वोच्च अदालतले व्याख्या गरेकोबाट सैनिक व्यक्तिले गरेका सबै प्रकारका कसुरहरू सैनिक कसुरभित्र नपर्ने स्पष्ट हुन्छ। गैर सैनिक नागरिकले सेनासँग मिली कसुर गरेको आधारमा त्यस्तो गैरसैनिक व्यक्तिलाई सैनिक अदालतको क्षेत्राधिकारमा ल्याई कारवाही गरिएमा सैनिकलाई सामाजिक सम्बन्ध र व्यवहारबाट विमुख गराउने हुँदा त्यस्ता व्यक्तिलाई सैनिक अदालतको क्षेत्राधिकारभित्र ल्याई कारवाही र किनारा गर्नु हुँदैन ।

ग. सैनिक कानुनभन्दा बाहिरको अभिजात्य बर्ग होइन, यो कानुनको परिधिभित्रै रहेको निकाय वा व्यक्ति हो जसलाई समाज वा व्यक्ति विरुद्ध निषेधित कार्य गर्ने अधिकार वा छूट हुँदैन। तर सैनिक ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिले सैनिक ऐनको दफा ३८ देखि ६५ सम्मका कसुरहरू गरेको अवस्था र त्यस्ता कसुरहरू सैनिक सैनिक बिच भएको अवस्थासमेत रहेमा मात्र सैनिक अदालतले क्षेत्राधिकार ग्रहण गर्न सक्ने देखिन्छ। सेनाले गरेका सबै प्रकृतिका कसुरहरूमा सैनिक अदालतले अधिकारक्षेत्र ग्रहण गरेको अवस्थामा सैनिक नागरिक सम्बन्धमा खलल पुग्न जान्छ। त्यसैले सैनिक व्यक्तिले गरेका नागरिक प्रवृत्तिका कसुरहरूमा नियमित अदालतको क्षेत्राधिकार आकर्षित हुन्छ। सैनिक अदालतले क्षेत्राधिकार ग्रहण गर्नु हुँदैन ।

घ. त्यसै गरी सैनिक अदालतको क्षेत्राधिकारभित्र पर्ने कसुरहरूको निरुपण गर्दा सैनिक अदालतले कानुनको उचित परिपालना नगरेमा वा स्वच्छ सुनुवाइको अवसर नदिई निर्णय गरेमा सेनाले न्यायको अनुभूति गर्न सक्दैन। सेना पनि समाजको सदस्य तथा देशको नागरिक हो। प्रत्येक नागरिकलाई सक्षम अदालत वा न्यायिक निकायबाट न्याय पाउने अधिकार संविधानले सुरक्षित गरेको छ। सेनाले पनि अन्य नागरिक सरह न्याय पाउने हक राख्छ। सैनिक अदालतले स्वच्छ सुनुवाइको सिद्धान्त विपरीत गई वा कानुनको उचित प्रयोग र पालना गरेर न्याय निरुपण गर्न नसकेको अवस्थामा सैनिक सङ्गठनप्रति आम नागरिकको धारणा नकारात्मक बन्न जाने मात्र होइन मानव अधिकारकोसमेत उपहास हुन जान्छ। तसर्थ सैनिक अदालतले आफ्नो क्षेत्राधिकारभित्रका कसुरको सुनुवाइ र किनारा गर्दा सैनिक नागरिक सम्बन्धसमेतलाई ध्यानमा राखी कानुनको उचित प्रयोग र पालना गरी न्यायका मान्य सिद्धान्त र प्राकृतिक न्यायको सिद्धान्त एवं स्वच्छ सुनुवाइको सिद्धान्तको अक्षरस पालना र प्रयोग गर्नुपर्छ ।

**उपसंहार**

सैनिक-नागरिक सम्बन्ध राजनैतिक नेतृत्वमाथि सेनाको बर्चस्व कायम हुनु वा सैनिक सङ्गठनमाथि उच्च राजनैतिक शक्तिको बर्चश्व कायम रहनु भन्ने नभई यो सैनिक संगठन, नागरिक समाज, उच्च राजनैतिक नेतृत्व एवं आम जनसमुदायसँगको समन्वय, सहअस्तित्त्व र सहकार्यसँग सम्बन्धित विषय हो। त्रिपक्षीय सहयोग, समन्वय र सहकार्य एवं सहअस्तित्त्वबाट नै सैनिक-नागरिक सम्बन्ध प्रगाढ र मजबुत बन्न सक्छ। सैनिक-नागरिक सम्बन्ध सैनिक सङ्गठन वा उच्च राजनैतिक निकायको एकाङ्गी प्रयासबाटमात्र सम्भव हुने विषय पनि होइन। यो त्रिकोणात्मक शक्ति सन्तुलन, समन्वय, सहकार्य र विश्वासबाट मात्रै निर्माण हुने विषय

हो। सैनिक ऐनको क्षेत्राधिकारबाहिरका व्यक्तिहरू संलग्न कसुरहरू, सैनिकले गरेका गैर सैनिक वा नागरिक प्रवृत्तिका कसुरहरू, सैनिक व्यक्ति ड्युटीमा नरहेको समयमा गरेका नागरिक प्रवृत्तिका कसुरहरूमा सैनिक अदालतले क्षेत्राधिकार ग्रहण गरेमा त्यसले नागरिक-सैनिक सम्बन्धमा खलल पु¥याउन सक्छ। त्यस्तै सैनिक अदालतले आफ्नो क्षेत्राधिकारभित्रका व्यक्तिहरूले गरेका उक्त अदालतको क्षेत्राधिकारभित्रका कसुरको कारवाही र किनारा गर्दा कानुनको उचित प्रयोग र पालना नगरेमा त्यस्ता विषयहरूले पनि सैनिक नागरिक सम्बन्धमा खलल पु¥याउने हुँदा सैनिक-नागरिक सम्बन्धमा सैनिक अदालतको भूमिका महत्वपूर्ण रहेको पुष्टि हुन्छ। न्याय सबैका निम्ति आवश्यक विषय हो। सेनामा जाने जो कोहीले पनि आफूलाई न्याय मिल्छ भन्ने अनुभव गर्न सक्नुपर्छ। जनताले पनि सेना कानुन नै नलाग्ने अभिजात्य वर्ग होइन भन्ने विश्वास गर्न पाउनुपर्छ तबमात्र सैनिक(नागरिक सम्बन्ध मजबूत हुन सक्छ। यो अवस्थाको अनुभूति सैनिक अदालतले न्याय निरुपण गर्दा अवलम्बन गर्ने कार्यविधि एवं प्रयोग गर्ने निष्पक्षता र तटस्थतालेसमेत प्रदान गर्दछ। सैनिक सेवामा रहेको व्यक्तिले मानव अधिकारको संरक्षण नभएको अनुभूति गर्ने अवस्था आयो वा न्यायको अनुभूति गर्न सकेन भने त्यसले पनि सैनिक नागरिक सम्बन्धमा कटुता आउन सक्ने कुरालाई सैनिक अदालतले सदैव मनन गरी आफ्नो काम कारबाहीलाई पारदर्शी र अनुमानयोग्यसमेत बनाउनु आवश्यक छ।

**सन्दर्भ सामग्री सूची**


तिमिल्सिना, अङ्गराज (२०२०) *नागरिक-सैनिक सम्बन्धः वर्तमान अवस्था, चुनौती र अवसर* UNITY JOURNAL, Vol-1, pp. 158-641

नेपाल सरकार(२०६३)(क) *नेपालको अन्तरिम संबिधान, २०६३* काठमाडौंः कानुन, न्याय तथा संसदीय व्यवस्था, मन्त्रालय, कानुन किताब व्यवस्था समिति।

नेपाल सरकार(२०६३)(ख), *सैनिक ऐन, २०६३* काठमाडौंः कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कानुन किताब व्यवस्था समिति।

नेपाल सरकार (२०७२) *नेपालको संविधान* काठमाडौंः कानुन, न्याय तथा संसदीय व्यवस्था, मन्त्रालय कानुन किताब व्यवस्था समिति।

नेपाल सरकार (२०७४) *मुलुकी अपराध संहिता* २०७४ काठमाडौं कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कानुन किताब व्यवस्था समिति।

श्री ५ को सरकार (२०४७) *नेपाल अधिराज्यका संविधान,* २०४७ काठमाडौंः कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कानुन किताब व्यवस्था समिति।

Dahal, K.R. (2076), Civil military relation, *प्राड विवाक जर्नल*

Huntington S.P. (1957); The solder and the state, *(https://en.wikipedia.org/wiki/Civil%E2%80%93military_relations)*

Feaver, P. D., (2003), *Armed servants: Agency, oversight, and civil-military relations*; cambridge, : Harvard University Press.

Maley W., Sampford C. and Thakur R., (2003), *From civil strife to civil society: Civil and military responsibilities in disrupted states,* Tokyo: United Nations University Press, Tokyo


**रिट**


नेकाप २०४९ (ग), अङ्क ८, निर्णय नं. ४५९७

नेकाप २०७५, अङ्क १०, निर्णय नं. १०११५

नेकाप २०७६ अङ्क २, निर्णय नं. १०१९९

नेकाप २०७६, अङ्क ७, निर्णय नं. १०३१८

नेकाप २०७६, अङ्क ८, निर्णय नं. १०३४२